# २०२२ #WeWomenAreWater अभियान सामाजिक मिडिया टूलकिट

*लैङ्गिक रुपमा न्यायपूर्ण जलवायु समाधानहरू विस्तार गरौँ र त्यसकालागि स्रोतसम्पन्न गर्न तत्काल आवश्यक*

**अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८ ) देखि विश्व पानी दिवस (मार्च २२)** सम्म विश्वभरका महिला, किशोरी, ट्रान्स, इन्टरसेक्स र नन-बाइनरी मानिसहरूका लागि उचित जलवायु समाधानहरू विस्तार गर्न हामीसँग सामेल हुनुहोस्। जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (IPCC) छैठौं मूल्याङ्कन प्रतिवेदनको दोस्रो किस्ताले गत हप्ता निम्नलिखित कुराहरु स्पष्ट गरेको छ : न्याय र समानतालाई प्राथमिकता दिँदै वैज्ञानिक, आदिवासी र स्थानीय ज्ञानलाई एकसाथ ल्याउने हो भने त्यसले अझ प्रभावकारी जलवायु समाधान दिन्छ । त्यस्ता समाधानहरू पहिले नै अवस्थित छन् तर यस्ता कार्यहरुका लागि आर्थिक सहयोगको उपलब्धता न्यून छ,  र त्यसलाई कार्यन्वयन गर्नेहरु नै जलवायु परिवर्तन र जलवायु सम्बन्धित पानीको संकटबाट सबैभन्दा बढी प्रभवित छन् । त्यस विपरित अन्तरास्ट्रिय वित्तीय संस्थाहरु र जलवायु कोषहरुले त्यस्ता जलवायु समाधानहरूमा लगानी गर्दै आएका छन् जसले व्यवसायिक क्षेत्रलाई मुनाफा दिन्छ भने महत्वपूर्ण पारिस्थिकीय प्रणालीका साथै मानिसको भूमि, खाद्य सम्प्रभुता र पानीमा पहुँचलाई नकारात्मक प्रभाव पारेको छ ।

८ मार्च देखि, ग्लोबल एलायन्स फर ग्रीन एन्ड जेन्डर एक्शन (GAGGA) र हाम्रा साझेदारहरूले ठूला बाँध, जैविक इन्धन र मोनोकल्चर वृक्षारोपण जस्ता यी गलत जलवायु समाधानहरूबाट लगानीलाई **लैङ्गिक असमानताहरूलाई चुनौती दिँदै जलवायु परिवर्तन र जलवायु-सम्बन्धित पानीको संकटलाई सम्बोधन गर्ने समुदाय-नेतृत्वका पहलहरूतर्फ** -जसलाई हामी 'लैङ्गिक रुपमा न्यायपूर्ण जलवायु समाधान' भन्ने गर्छौं, त्यसतर्फ सार्न **अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र जलवायु कोषहरूको तत्काल आवश्यकतालाई चित्रण गर्दै** सामाजिक सञ्जालमा कथाहरू पोस्ट गर्नेछन्।  हामी GAGGA-समर्थित समुदायहरूको सीमित पानी सुरक्षालाई जीवाश्म ईन्धन उत्खनन्मा भईरहेको निरन्तर लगानीले झन् खराब बनाएको अवस्थामा पनि प्रकाश पार्नेछौं।

लैङ्गिक-न्यायपूर्ण, समावेशी र दिगो जलवायु समाधानहरू स्थानीय स्तरमा पहिले नै अवस्थित छन् - **यो तिनीहरूलाई स्रोतसम्पन्न गर्ने समय हो।** "संधैको जस्तै-सामान्य" समाधानहरूको सट्टा मानिस र ग्रहलाई प्राथमिकता दिने यी महिलाहरूको नेतृत्वमा सन्चालित परिवर्तनकारी जलवायु समाधानहरूलाई जलवायु वित्तपोषणले समर्थन गर्ने माग गर्न अभियानमा सामेल हुनुहोस्।

हाम्रा मागहरू परिचित गराउनका लागि यसलाई पोस्ट, शेयर र प्रचारप्रसार गरिदिनुहोस् । तपाईंले हाम्रो पूर्ण अभियान वक्तब्य यहाँ प्राप्त गर्न सक्नुहुन्छ।

तल तपाईले **पोस्टिङ क्यालेन्डर, सामाजिक मिडिया सन्देश र ग्राफिक्सको लिङ्क** पाउनुहुनेछ। ग्राफिक्सहरू गुगल स्लाइडहरूमा छन् त्यसैले तपाईंले तिनीहरूलाई आफ्नो भाषा र लोगोमा तपाईंका आफ्नै सन्देशहरू सम्मिलित गरी तपाईंको आफ्नै सन्दर्भ अनुसार अनुकूलित गर्न सक्नुहुन्छ। विश्वव्यापी अभियानले पाँचवटा उदाहरणहरू मात्र प्रकाशित गरिरहेको बेला, हामी तपाईंलाई अभियानको भागको रूपमा आफ्नै सान्दर्भिक कथाहरू पोस्ट गर्न स्वागत गर्दछौं।
तपाईंले #WeWomenAreWater र #LasMujeresSomosAgua प्रयोग गरेर फेसबुक, इन्स्टाग्राम र ट्विटरमा अभियानलाई फलो गर्न सक्नुहुन्छ। यदि तपाइँसँग कुनै प्रश्नहरू छन् भने, GAGGA संचार रणनीतिकार, रानी रोबेलसलाई GAGGAcommunication@fcmujeres.org. मा इमेल गर्न सक्नुहुन्छ।
ह्यासट्यागहरू

सबै पोस्टहरूमा 1-2 #hashtags समावेश गर्न र सधैं **#WeWomenAreWater** वा **#LasMujeresSomosAgua** प्रयोग गर्नु राम्रो हुन्छ। यहाँ केही अन्य ह्यासट्यागहरू छन् जुन तपाईंले प्रयोग गर्न सक्नुहुन्छ:

#WaterIsaHumanRight #WomenClimateJustice #WomenGenderClimate #ClimateFinance #GenderJust #ClimateAction #ClimateJustice #Climate #FalseSolutions
#GenderJustice #FeministClimateJustice #JustTransition #JustSolutions

**मार्च ८**: #IWD2022 #InternationalWomensDay #WomensDay #IWD
**मार्च १४,** बाँध विरुद्ध र नदीहरूका लागि अन्तर्राष्ट्रिय कार्य दिवस: #RiversUniteUs #DayofActionforRivers #Rivers4Biodiversity
**मार्च २१:** #InternationalDayOfforests
**मार्च २२:** #WorldWaterDay

Twitter मा, हामीलाई @GAGGA_Alliance मा ट्याग गर्नुहोस् र हामी तपाईंको पोस्ट रिट्वीट गर्नेछौं। तपाईंले जलवायु वित्त निकाय, साझेदार र सहयोगीहरूलाई पनि ट्याग गर्न सक्नुहुन्छ।

**ग्राफिक्स**

तपाईंको ट्विटर हेडरको लागि अभियान तस्विर यहाँ डाउनलोड गर्नुहोस्।
तपाईंको फेसबुक कभर फोटोको लागि अभियान तस्विर यहाँ डाउनलोड गर्नुहोस्।

**अभियानको सबै ग्राफिक्स पहुँच गर्न यहाँ क्लिक गर्नुहोस्** जुन तपाइँको आफ्नै सन्दर्भ र संस्था अनुसार बनाउन सक्नुहुन्छ; महिला, पानी र जलवायु परिवर्तनसँग सम्बन्धित आफ्नो भाषामा आफ्नै सन्देश थप्नुहोस्, र आफ्नो लोगो राख्नुहोस् । तपाइँ तलको पोस्टिङ क्यालेन्डरमा रहेका सन्देशहरू वा यस दस्तावेज अन्त्यमा प्रदान गरिएको वैकल्पिक सन्देशहरू प्रयोग गर्न सक्नुहुन्छ।

**पोस्टिंग क्यालेन्डर**

| **कथाको लिङ्क** | **सुझाव गरिएको सन्देश** | **ग्राफिक** | **मिति र समय** |
|---|---|---|---|
| अभियान कथन | विश्वभरिका महिला, किशोरीहरू, ट्रान्स, इन्टरसेक्स र नन-बाइनरी व्यक्तिको #जलवायु समाधानहरू विस्तार गर्न #IWD2022 मा हाम्रो अभियानमा मार्च ८-२२ सम्म सामेल हुनुहोस् । अन्तर्राष्ट्रिय वित्तीय संस्था र जलवायु कोषहरूलें धेरै लामो समयदेखि कर्पोरेट नाफालाई जोगाउने कार्यहरूमा लगानी गर्दै आएका छन् (1/2)<br><br>अबको समय भनेको उनीहरू :<br><br>💸 झूठा जलवायु समाधानहरूबाट अलग#Divest हुनुपर्छ<br>✊🏾 #GenderJust जलवायु समाधानहरूलाई स्रोतसम्पन्न गर्नुपर्छ | ग्राफिक्स यहाँ प्राप्त गर्नुहोस | मार्च ८<br>अन्तर्राष्ट्रिय महिला दिवस |

| | | | |
|---|---|---|---|
| | जलवायु वित्तले मानिस र ग्रहलाई प्राथमिकता दिने महिलाहरूको नेतृत्वका परिवर्तनकारी जलवायु समाधानहरूलाई समर्थन गर्नुपर्छ भन्ने हाम्रा मागहरू फैलाउनुहोस्। #WeWomenAreWater<br><br>https://gaggaalliance.org/gagga-%e0%a4%a6%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b0%e0%a4%be-%e0%a5%a8%e0%a5%a6%e0%a5%a8%e0%a5%a8-wewomenarewater-%e0%a4%85%e0%a4%ad%e0%a4%bf%e0%a4%af%e0%a4%be%e0%a4%a8%e0%a4%95%e0%a5%8b-%e0%a4%a5/<br><br>*(Tag in graphic: @GAGGA_Alliance)* | | |
| महिलाहरूले नाइजर डेल्टामा म्यान्ग्रोभ वनहरू पुनर्स्थापित गर्दैछन् | नाइजर डेल्टा विश्वको तेस्रो ठूलो म्यानग्रोभ वन हो जसले परम्परागत वर्षावन भन्दा ४ गुणा बढी कार्बन भण्डारण गर्दछ, तर तेल चुहिने र निपा पाम खेतीका कारण म्यानग्रोभहरू आगामी ५० वर्षमा लोप हुन सक्छन्। त्यसबारे यी महिलाहरूले केही गर्दैछन् 🌱 #WeWomenAreWater<br><br>https://gaggaalliance.org/%e0%a4%ae%e0%a4%b9%e0%a4%bf%e0%a4%b2%e0%a4%be%e0%a4%b9%e0%a4%b0%e0%a5%81%e0%a4%a6%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b0%e0%a4%be-%e0%a4%a8%e0%a4%be%e0%a4%87%e0%a4%9c%e0%a4%b0-%e0%a4%a1%e0%a5%87%e0%a4%b2/<br><br>*(Tag in graphic on Twitter: @Shell @HYPREPNigeria @GAGGA_Alliance @MamaCash @lokiakawomen<br>Tag in graphic on Facebook: @Mama Cash, @Lokiaka Centre)* | ग्राफिक्स यहाँ प्राप्त गर्नुहोस | मार्च १० |

| | | | |
|---|---|---|---|
| मगर महिलाहरूले जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न आदिवासी ज्ञान प्रयोग गरेका छन् | नेपालमा ठूलो जलविद्युत आयोजना बनाउने हतारोले धेरै महँगो मूल्य चुकाउनु पर्ने अवस्था छ : आदिवासी अधिकारको हनन् । आदिवासी समुदायहरूलाई उनीहरूको भूमिबाट हटाउनाले जलवायु संकटलाई न्यूनीकरण गर्न र अनुकूलन गर्न महत्त्वपूर्ण ज्ञान हस्तान्तरण गर्ने उनीहरूको क्षमतालाई असर गर्छ। #WeWomenAreWater #DayofActionforRivers #RiversUniteUs<br><br>https://gaggaalliance.org/%e0%a4%9c%e0%a4%b2%e0%a4%b5%e0%a4%be%e0%a4%af%e0%a5%81-%e0%a4%aa%e0%a4%b0%e0%a4%bf%e0%a4%b5%e0%a4%b0%e0%a5%8d%e0%a4%a4%e0%a4%a8%e0%a4%95%e0%a5%8b-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%ad%e0%a4%be%e0%a4%b5/<br><br>*(Tag in graphic on Twitter:* @ADB_HQ @EIB *@GAGGA_Alliance* @Tewaforwomen) | ग्राफिक्स यहाँ प्राप्त गर्नुहोस् | मार्च १४, बाँधहरू विरुद्ध र नदीहरूको लागि अन्तर्राष्ट्रिय कार्य दिवस |
| जलवायु परिवर्तनलाई कम गर्न र अनुकूलन गर्न दुमगाट महिलाहरूले गैर-काठ वन उत्पादनहरू प्रयोग गर्छन् | डुमागाट महिलाहरूले जीविकोपार्जन, खाना र औषधिको स्रोतका रुपमा रहेको गैर-काष्ठ वन पैदावरहरु (जस्तैः मह र फलफूल) को व्यवस्थापनमा ठूलो भूमिका खेल्छन् । एउटा बाँधले यी गैर–काष्ठ वन पैदावरहरूलाई नस्ट गर्ने र त्यससँगै स्थानीय जीवनशैली नै निस्तेज बनाउने खतरा निम्त्याइरहेको छ । #WeWomenAreWater<br><br>https://gaggaalliance.org/%e0%a4%a1%e0%a5%81%e0%a4%ae%e0%a4%be%e0%a4%97%e0%a4%9f-%e0%a4%ae%e0%a4%b9%e0%a4%bf%e0%a4%b2%e0%a4%be%e0%a4%a6%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b0%e0%a4%be-%e0%a4%9c%e0%a4%b2%e0%a4%b5%e0%a4%be%e0%a4%af/ | ग्राफिक्स यहाँ प्राप्त गर्नुहोस् | मार्च १७ |

| | | | |
|---|---|---|---|
| | *(Tag in graphic on Twitter:* @GAGGA_Alliance @ntfpep_ph @ntfp_ep @mwssro @NCIPipra @DENROfficial @dargovph<br>*Tag in graphic on Facebook:* @NotByTimberAlone @MWSS Regulatory Office @National Commission on Indigenous Peoples @Department of Environment and Natural Resources (DENR) @StopKaliwaDam<br>*Tag in graphic on Instagram:* @NotByTimberAlone*)* | | |
| पाराग्वेन चाकोमा आफ्नो क्षेत्र जोगाउन संगठित हुँदै कोम महिलाहरू | @theGCF को मोनोकल्चर वृक्षारोपणमा लगानीले पराग्वेन चाकोका क्युम महिलाहरू जस्तै आदिवासी महिला र सामुदायिक अधिकारहरूलाई सुदृढ पारेर वनहरू कायम राख्न र प्राकृतिक जलचक्र पुनर्स्थापना गर्न प्रयोग गर्न सकिने रकम टाढा जान्छ ।.<br>#WeWomenAreWater #InternationalDayOfForests<br><br>https://gaggaalliance.org/%e0%a4%aa%e0%a4%be%e0%a4%b0%e0%a4%be%e0%a4%97%e0%a5%8d%e0%a4%b5%e0%a5%87%e0%a4%a8-%e0%a4%9a%e0%a4%be%e0%a4%95%e0%a5%8b%e0%a4%ae%e0%a4%be-%e0%a4%86%e0%a4%ab%e0%a5%8d%e0%a4%a8%e0%a5%8b-%e0%a4%95/<br><br>*(Tag in graphic on Twitter:* @theGCF *@fmujeresdelsur @GAGGA_Alliance* @CONAMURI @FinanceinMotion @Finnfund @EIB<br>*Tag in graphic on Facebook: @fmujeresdelsur @conamuri.paraguay*) | ग्राफिक्स यहाँ प्राप्त गर्नुहोस | मार्च २१: वनको अन्तर्राष्ट्रिय दिवस |
| मायन चोर्तीका महिलाले आफ्नो भूभागको अधिकार र | मायन चोर्तीका जनताले आफुहरु पुस्तौदेखि बसोबास गर्दै आएको भूमिमा रहेको वन र पानीका स्रोतहरुको हेरचाह गर्दै आएका छन् । ठुला कृषि व्यवसायीहरुले जैविक ईन्धन उत्पादन गर्न उनीहरुको पानी प्रयोग | ग्राफिक्स यहाँ प्राप्त गर्नुहोस | मार्च २२: विश्व पानी दिवस |

| | | | |
|---|---|---|---|
| पानीमाथिको पहुँच पुन:प्राप्त गरेका छन्<br>. | गर्दैछन् भने चोर्ति महिलाहरुले अन्य समाधानहरु अवलम्बन गरिरहेका छन् ।. #WeWomenAreWater #WorldWaterDay<br><br>https://gaggaalliance.org/%e0%a4%ae%e0%a4%be%e0%a4%af%e0%a4%be-%e0%a4%9a%e0%a5%8b%e0%a4%b0%e0%a5%8d%e0%a4%a4%e0%a5%80-%e0%a4%ae%e0%a4%b9%e0%a4%bf%e0%a4%b2%e0%a4%be%e0%a4%b9%e0%a4%b0%e0%a5%82%e0%a4%a6%e0%a5%8d%e0%a4%b5%e0%a4%be/<br><br>*(Tag in graphic on Twitter: @TierraVivagt @GAGGA_Alliance @the_IDB @CABEI_Org @comundich*<br>*Tag in graphic on Facebook:* @TierraVivaGuatemala *@comundich comundich)* | | |

**वैकल्पिक सामाजिक मिडिया सन्देशहरू**

ग्राफिक्स तपाइँको सन्दर्भ अनुसार मिलान गर्न सकिन्छ, त्यसैले तपाइँले महिला, पानी, जलवायु परिवर्तन र जलवायु वित्तसंग सम्बन्धित आफ्नै सन्देशहरू समावेश गर्न सक्नुहुन्छ।

• अहिलेको वास्तविकता: जलवायु वित्तपोषणले यथास्थितिलाई समर्थन गर्दछ। हामीले चाहेको वास्तविकता: जलवायु वित्तपोषणले महिला र अग्रपन्क्तिका समुदायहरूको नेतृत्वमा परिवर्तनकारी समाधानहरूलाई समर्थन गर्नुपर्छ ।
• विश्वव्यापी आर्थिक सहयोगको ०.०१% ले जलवायु र महिला अधिकार दुवैलाई सम्बोधन गर्ने परियोजनाहरूलाई समर्थन गर्दछ - लैङ्गिक-न्यायपूर्ण जलवायु समाधानहरूका लागि थप र राम्रो स्रोतहरू आज सुरु गर्न आवश्यक छ।
• "सामान्य प्रचलित" समाधानहरूबाट अलग रहनुहोस् । मानिस र ग्रहलाई प्राथमिकता दिने वास्तविक महिला नेतृत्वको जलवायु समाधानहरूमा लगानी गर्नुहोस्।

• न्यायपूर्ण, समावेशी र दिगो जलवायु समाधानहरू पहिले नै स्थानीय स्तरमा अवस्थित छन् - यो तिनीहरूलाई स्रोतसम्पन्न गर्ने समय हो।
• अब महिला र किशोरीहरूको नेतृत्वमा परिवर्तनकारी जलवायु र पानीका समाधानहरूलाई स्रोतसम्पन्न गराउने समय हो।
• जीवाश्म ईन्धन, गलत जलवायु समाधान र हाम्रो पानी प्रदूषित गर्ने कृषि उद्योगबाट अलग रहनुहोस् । लैङ्गिक-न्यायपूर्ण जलवायु समाधानहरूमा लगानी गर्नुहोस्।
• लिङ्ग र पानी न्यायमा केन्द्रित जलवायु समाधानहरूमा लगानी गर्नुहोस्।
• परिवर्तनकारी जलवायु कार्यमा महिला र किशोरीहरूको माग र नेतृत्वलाई केन्द्रित गर्नुहोस्।
• झूठा जलवायु समाधानहरूबाट अलग हुनुहोस्, लैङ्गिक-न्यायपूर्ण समाधानहरूमा लगानी गर्नुहोस्।
• महिला, आदिवासी जनजाति र स्थानीय समुदायको योगदान, सहमति र नियन्त्रणका साथ अब लैङ्गिक-न्यायपूर्ण जलवायु समाधानहरू लागू गर्नुहोस्।
• #Climate Change & #COVID19 ले सबैका लागि पानीको सुरक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकतालाई अगाडि ल्याइरहेको छ।